बलेफी गाउँपालिका
[Tibetan script line]
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८३/०८४
सूचना नं. : ११

## शैक्षिक संस्थाहरुको लेखापरीक्षणका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना।

### (प्रथम पटक प्रकाशित मितिः २०८३ साउन १९ गते)

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत सञ्चालित सबै शैक्षिक संस्थाहरुको आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्ने प्रयोजनका लागि ईच्छुक रजिष्टर्ड लेखापरीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिल बमोजिमका कागजातहरु सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सक्कल निवेदन।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
३. लेखापरीक्षण फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. आ.व.२०८३/०८४ सम्मको लेखापरीक्षण प्रमाणपत्र नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
५. आ.व. २०८२/०८३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. आन्तरिक राजस्व कार्यालयबाट लिएको कर दर्ता (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
७. बलेफी गाउँपालिकाको निर्णयानुसार लेखापरीक्षणका लागि छनौट भएमा तोकिएका विद्यालयहरुको लेखापरीक्षण तोकिएकै समयसिमा भित्र सम्बन्धित विद्यालयमा उपस्थित भई नियमानुसार सम्पन्न गर्ने र सम्बन्धित विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन सहित गाउँपालिकामा स्वयम् उपस्थित भइ समिक्षा गरी पृष्ठपोषण आदान प्रदान गर्ने प्रतिवद्धता पत्र।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

२०८३/०४/१९
राम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत